म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १९० आइतबार ६ फागुन २०८० ने. सं. ११४४ सिल्लाथ्व 18 February 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## नवोदय विद्यालयको अभिभावक दिवस

हेटौंडा, ५ फागुन/हेटौंडा उपमहानगरपालिका-४, स्थित नवोदय शिशुसदन अंग्रेजी माध्यमिक विद्यालयको २८ औं अभिभावक दिवस शनिबार हेटौंडामा भएको छ ।

कक्षा ७, ८ र ९ मा अध्ययनरत विद्यार्थीले गायन तथा नृत्य प्रस्तुत गरेका थिए । सामाजिक विषयका सुपरीवेक्षक नरेन्द्रकुमार नगरकोटीको अध्यक्षतामा भएको कार्यक्रममा कक्षा ७, ८ र ९ का विद्यार्थीले सांस्कृतिक नृत्य तथा गायन प्रस्तुत गरेका थिए ।

कक्षा २ र ३ को अभिभावक दिवस सम्पन्न भइसकेको छ भने अरु कक्षाको अभिभावक दिवस पनि आयोजना हुने विद्यालयका क्रियटिभ आर्ट (सीए) का संयोजक प्रलय चौलागाईले जानकारी दिए ।

# काठमाडौं-तराई द्रुतमार्गको करिव एक तिहाई काम सकियो

साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ अधिकांश सडक सञ्जाल मकवानपुरको भूभागमा पर्ने रणनीतिक महत्व बोकेको काठमाडौं-तराई/मधेस द्रुतमार्ग निर्माणको करिब ३१ प्रतिशत काम सकिएको छ । नेपालको सार्वजनिक यातायातमा कोषेढुँगा साबित हुने द्रुतमार्गमा देखिएका अवरोध हटाउन सबैपक्षबाट पहल हुनु जरुरी रहेको बताइएको छ ।



चालु आर्थिक वर्ष २०८०/८१ को माघ मसान्तसम्म आयोजनाको ३१ प्रतिशत भौतिक र ३१ दशमलव ५७ प्रतिशत वित्तीय प्रगति भएको बताइएको छ । द्रुतमार्ग मकवानपुरको बकैया गाउँपालिका र भीमफेदी गाउँपालिका क्षेत्रमा बन्दैछ । मुआब्जा वितरण तथा जग्गा अधिग्रहण हुन बाँकी खोकना क्षेत्र र अदालतमा मुद्दा परेका ठेक्का प्रक्रियाबाहेक कामको प्रगति सन्तोषजनक रहेको नेपाली सेनाका प्राविधिक सहायकरथी तथा आयोजनाप्रमुख विकास पोखरेलले जानकारी दिएका छन् ।

७१ किलोमिटर लम्बाइ रहेको यो आयोजना काठमाडौंमा चार दशमलव छ, ललितपुरमा ९, मकवानपुरमा ४९.७० र बारामा सात दशमलव छ किलोमिटर पर्दछ । आयोजना १३ वटा प्याकेज बनाएर निर्माण कार्य भइरहेकोमा प्याकेज नम्बर एकदेखि ७ र १० को खरिद प्रक्रिया सम्पन्न भई कार्यान्वयनको चरणमा पुगेको छ । प्याकेज नम्बर ८ (क), ८ (ख), ९ (क) र ९ (ख) को भने खरिद प्रक्रिया नै विवादित बनेको छ । पटक-पटक ठेक्का आह्वान गर्दा पनि यी चार प्याकेजको खरिद प्रक्रिया टुंगिन नसकेको बताइएको छ ।

'ठेक्का लागिसकेका काममा प्रगति राम्रो छ । केही खरिद प्रक्रिया टुंगिन बाँकी छन् । मुद्दा मामिलामा पनि गएका छन् । तर, हामीले तोकिएको समय २०८३ चैतसम्ममा आयोजनाको काम सम्पन्न गर्ने लक्ष्य राखेका छौं ।', सहायकरथी पोखरेलले भने । राष्ट्रिय गौरवको आयोजनामा आइपर्ने कानुनी, प्रशासनिक तथा अरु कठिनाइलाई प्राथमिकताका साथ चाँडो टुंग्याउनुपर्ने पोखरेलले बताएका छन् । प्याकेज नम्बर ११ अन्तर्गत खोकनाक्षेत्रमा द्रुतमार्गको सुरुविन्दु निर्धारण, यो क्षेत्रको सवारी आवागमन व्यवस्थापन र जग्गा अधिग्रहण विवाद समाधान गर्न सकेको छैन ।

खरिद प्रक्रियामा गइसकेका काममा मुख्यगरी सुरुङमार्ग र पुल निर्माणको काम धमाधम भइरहेका छन् । अहिले निर्माणाधीन तीन सुरुङमार्गको कुल लम्बाइ ६.४१५ किलोमिटरमध्ये ४.३२५ किलोमिटर अर्थात् ६७.४३ प्रतिशत खन्ने काम सकिएको छ । लेनडाँडा सुरुङमार्ग आगामी वर्ष वैशाखभित्र, धेद्रे सुरुङमार्ग जेठभित्र र महादेवटार सुरुङमार्ग आगामी वर्ष कात्तिकभित्र 'ब्रेकथ्रु' गरिसक्ने गरी काम भइरहेको आयोजनाका इन्जिनियर विनायक शर्माले जानकारी दिए । सुरुङमार्गमा हरेक दिन औसत तीन मिटर हाराहारी खन्ने काम भइरहेको छ ।

महादेवटार सुरुङमार्गको लम्बाइ तीन दशमलव ३५५ किलोमिटरमध्ये हालसम्म एक दशमलव ९४८ किलोमिटर सुरुङ खन्ने काम सकिएको छ । त्यसैगरी, धेद्रे सुरुङमार्गको कुल लम्बाइ एक दशमलव ६३ किलोमिटरमध्ये हालसम्म एक दशमलव १७३ किलोमिटर सुरुङ खनिसकेको छ । लेनडाँडा सुरुङमार्गको स्वीकृत विस्तृत आयोजना प्रतिवेदन ( डिपीआर) बमोजिम कूल लम्बाइ एक दशमलव ४३ किलोमिटर र हेकामा हालसम्म एक दशमलव २०४ किलोमिटर सुरुङ खनिएको छ ।

आयोजनाको ६ स्थानमा सुरुङमार्गको कुल लम्बाई १०.५५ किलोमिटर छ । यसमा देवीचौरी सुरुङ एक किलोमिटर, सिसौटार सुरुङ ०.३९, चन्द्रामभीर सुरुङ २.२५, महादेवडाँडा सुरुङ तीन दशमलव ३५५, धेद्रे सुरुङ १.६३० तथा लेनडाँडा सुरुङ १.४३० किलोमिटर छ । त्यसैगरी, आयोजनामा कूल ८९ पुल बन्नेछन् । यसको कूल लम्बाइ १२.८८५ किलोमिटर हुनेछ । बुदुनेमा दुई विश्रामस्थल बन्नेछन् भने खोकना, बुदुने र निजगढमा इन्टरचेञ्ज बन्नेछन् ।

टोलप्लाजा खोकना, बुदुने र निजगढमा बन्नेछन् । हालसम्म ठेक्का व्यवस्थापन भई कार्यान्वयनमा रहेका प्याकेज नम्बर १ देखि ७ सम्मका पुलअन्तर्गत रहेका दुई दशमलव ८०२ फाउन्डेसन पाइलमध्ये एक दशमलव ६६५ पाइल निर्माण कार्य सम्पन्न भइसकेको आयोजनाले जनाएको छ । द्रुतमार्गको सडकको चौडाइ पहाडी भू-भागमा २५ मिटर र तराई भू-भागमा २७ मिटर रहेको छ ।

आयोजना निर्माणका लागि अधिग्रहण गर्नुपर्ने कूल १५ हजार चारसय १६ रोपनी जग्गामध्ये सरकारी जग्गा १० हजार दुई ४४ र व्यक्तिगत जग्गा पाँच हजार एकसय ७२ रोपनी रहेको छ । अधिग्रहणको सूचनामा प्रकाशित व्यक्तिगत जग्गा पाँच हजार एक सय ७२ रोपनीमध्ये हालसम्म चार हजार सात सय ७७ रोपनी जग्गा अधिग्रहण भइसकेको छ । तीन सय ९५ रोपनी जग्गा अधिग्रहण हुन बाँकी रहेको नेपाली सेनाले जनाएको छ ।

खोकना-बुङमती क्षेत्रमा दुई सय १४ रोपनी जग्गाको मूल्य निर्धारण भई मुआब्जा वितरण हुन बाँकी छ भने एक सय ६५ रोपनी जग्गाको मूल्य निर्धारण हुन सकेको छैन । यो क्षेत्रमा कुल तीन सय ७९ रोपनी जग्गा अधिग्रहण हुन बाँकी छ । आयोजनाका लागि हालसम्म कटान गरिएका रुखको बदलामा एक अनुपात २५ का दरले वृक्षरोपण गरिएको सेनाले जनाएको छ । आयोजनाका लागि कूल सात लाख चार हजार चार सय ४० बिरुवा रोप्नुपर्नेमा हालसम्म जम्मा सात लाख पाँच हजार पाँच सय ५२ बिरुवा रोप्ने कार्य सकिएको छ ।

मन्त्रिपरिषद्को २०७४ वैशाख २१ गतेको निर्णयअनुसार राष्ट्रिय गौरव एवम् रणनीतिक महत्व बोकेको यो आयोजनाको निर्माण व्यवस्थापनको जिम्मेवारी नेपाली सेनाले पाएको थियो । आयोजनाको २०७४ जेठ १४ गते प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बाराको निजगढमा शिलान्यास गरेका थिए । विसं २०७४ साउन २७ गते सडक विभागबाट नेपाली सेनालाई आयोजना हस्तान्तरण भएको थियो । मङ्सिरदेखि नेपाली सेनाको जनशक्ति तथा राष्ट्रियस्तरका निर्माण व्यवसायीमार्फत द्रुतमार्गको ट्र्याक निर्माणको काम थालिएको थियो ।

# साझाकुराकर्मी तिमल्सिनालाई खोज पत्रकारिता अवार्ड

साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ साझाकुराकर्मी नवीन तिमल्सिना पाचौं हेटौंडा राष्ट्रिय खोज पत्रकारिता अवार्डबाट पुरस्कृत भएका छन् ।

हेटौंडामा शनिवार साँझ न्यू मिडिया एकेडेमी र पावर ईन्टर नेशनल मिडिया नेपालको आयोजनामा भएको पाँचौं हेटौंडा राष्ट्रिय जर्नालिजम अवार्ड-२०८० मा तिमल्सिनालाई खोज पत्रकारिता अवार्ड प्रदान गरिएको हो । तिमल्सिना साझाकुरा राष्ट्रिय दैनिकका समाचार प्रमुख हुन् । एक दशकदेखि पत्रकारितामा सक्रिय तिमल्सिनाले खोजमूलक समाचार लेखनमा कलम चलाउँदै आएका छन् ।



तिमल्सिनासहित १० जना पत्रकारलाई अवार्ड प्रदान गरिएको थियो । उदीयमान, टेलिभिजन, अनलाइन, चलचित्र, ग्रामीण र खेलकुद पत्रकारिताका क्षेत्रमा योगदान पुऱ्याएका पत्रकारलाई अवार्ड दिइएको हो । तिमल्सिनासहित रविन्द्र वाइबा, मनिल महत्तो, सुनिता विष्ट, सरिता दाहाल, गणेश दुलाल लगायतलाई नगद पुरस्कारसहित सम्मान गरिएको हो । अग्रज पत्रकारहरु कृष्णाराम परियार, सुवर्णलाल श्रेष्ठ र हरि हुमागाईलाई पनि सम्मान गरिएको छ ।

साथै, सञ्चार उद्यमीको रुपमा रेडियो पालुङका ध्रुवराज ढकाल, हेटौंडा सन्देशका माधव न्यौपाने र हेटौंडा एफएमका उज्ज्वल चौलागाईलाई सम्मानित गरिएको छ । हेटौंडा उपमहानगरपालिका मेयर मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा भएको अवार्ड वितरण कार्यक्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी सुर्यप्रसाद सेढाईं, उपमेयर राजेश बानियाँ, वडाअध्यक्षहरु दामोदर गौतम, विष्णु दाहाल, जुना दाहाललगायतको आतिथ्यता थियो ।

## गायन प्रतियोगितामा जेनिथ प्रथम

साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ज्ञानोदय बालबाटिका आवासीय माध्यमिक विद्यालयको आयोजनामा दोस्रो भीमविराग स्मृति अन्तर विद्यालय गायन प्रतियोगितामा जेनिथ विद्यालयकी विशाखा पण्डित प्रथम हुन सफल भएकी छिन् ।

हेटौंडाका १९ विद्यालयका ३४ जना विद्यार्थीले सहभागिता जनाएको प्रतियोगितामा बालजागृति इङ्लिस सेकेण्डरी विद्यालय दोस्रो, हेटौंडा एकेडेमी विद्यालय तेस्रो र सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी सान्त्वना हुन सफल भएको छ । प्रतियोगितामा प्रथम, दोस्रो, तेस्रो र सान्त्वना भएका विद्यालयलाई क्रमश: नगद १० हजार, ७ हजार, ५ हजार र २ हजार ५ सय रुपैयाँसहित ट्रफी र प्रमाणपत्र प्रदान गरिएको छ ।

ज्ञानोदय बालबाटिका आवासीय विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दिप्ती महतको अध्यक्षतामा भएको कार्यक्रममा गायक तथा संगीतकार विष्णु अधिकारीको प्रमुख आतिथ्यता रहेको थियो । प्रतियोगितामा कागेश्वरी मनोहरा नगरअध्यक्ष श्रीराम दाहाल, उपाध्यक्ष तथा संगीतकार बिनोद चुँडालले निर्णायकको भूमिका निर्वाह गरेका थिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वायरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# नदीजन्य राजस्व प्रदेशलाई दिने प्रस्ताव

राजश्व बाँडफाँडमा तीनै तहका सरकारको समन्वय जरुरी रहन्छ । समन्वय हुन सकेन भने राजश्व संकलन गर्न नै समस्या सृजना हुनसक्छ । स्थानीय तहले नदीजन्यपदार्थ ढुंगा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, दहत्तरबहत्तरबापत प्राप्त गर्ने राजस्वको ४० प्रतिशत रकम प्रदेश सरकारलाई दिनुपर्ने व्यवस्था ऐनमै गर्न प्रस्ताव गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को संशोधन गर्न बनेको विधेयकको मस्यौदामा संघीय सरकारले प्रदेशर स्थानीय तहबीच राजस्व बाँडफाँटमा हुने विवाद अन्त्य गर्नका लागि यस्तो प्रस्ताव गरेको हो । विधेयकमा ढुंगा, गिट्टी बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, दहत्तर बहत्तरजस्ता नदीजन्य एवम् खानीजन्य वस्तुको संकलन, विक्री एवम् निकासी दस्तुर संकलनको जिम्मा मात्रै स्थानीय तहलाई दिन प्रस्ताव गरिएको छ ।

अहिले ऐनमा रहेको 'प्राकृतिक खानीजन्य' र 'खरिढुंगा' भन्ने शब्दा झिक्न प्रस्ताव गरिएएको छ भने 'दहत्तर बहत्तर' थप्न खोजिएको छ । विधेयकको मस्यौदामा गाउँपालिका तथा नगर पालिकाले आफ्नो क्षेत्रभित्रको नदी, खोला तथा जलाशयमा रहेको वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय अध्ययनबाट तोकिएको परिमाण बमोजिमको स्लेट, बालुवा, गिट्टी, ढुंगा तथा माटोजन्य वस्तु बिक्री गर्न सक्ने उल्लेख छ । तर, राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष तथा संरक्षण क्षेत्रभित्रको स्लेट, बालुवा, गिट्टी, ढुंगा तथा माटोजन्य वस्तुको बिक्रीसम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुने विधेयकको मस्यौदामा उल्लेख छ । गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको नदीखोलाले बगाएर ल्याएका काठ दाउरा, जराजुरी जस्ता दहत्तरबहत्तरको बिक्री गर्न सक्ने र आफ्नो क्षेत्रभित्र प्रचलित कानून बमोजिम स्वीकृति लिई निजी स्वामित्वको जग्गामा सञ्चालित खानीबाट वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय अध्ययनले तोकेको परिमाणमा गरिने स्लेट, बालुवा, गिट्टी, ढुंगा तथा माटोजन्य वस्तुको उत्खनन् संकलन र विक्रीमा शुल्क लगाउन सक्ने व्यवस्था पनि विधेयकका लागि प्रस्ताव गरिएको छ ।

गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रचलित कानून बमोजिम दर्ता अनुमति लिई सञ्चालित क्रसर तथा बालुवा प्रशोधन उद्योगबाट उत्पादित वस्तुको परिमाणको आधारमा व्यवसाय कर लगाउन सक्ने प्रस्ताव पनि छ । विधेयकमा गाउँपालिका तथा नगरपालिकाले ढुंगा, गिट्टी र बालुवाबाट पाउने बिक्री, शुल्क वा कर बापतको रकममध्ये ४० प्रतिशत रकम सम्बन्धित प्रदेश सरकार लाई उपलब्ध गराउनु पर्ने व्यवस्था प्रस्ताव गरिएको हो । स्लेट, ढुंगा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको उत्खनन, संकलन, घाटगद्दी र बिक्री वितरणसम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुने व्यवस्था पनि विधेयकको मस्यौदामा प्रस्तावित छ । यस्ता विषयमा नेपाल सरकारले प्रदेशलाई समेत लागू हुने गरी आवश्यक मापदण्ड बनाई लागू गर्न सक्ने गरी ऐनमा प्रस्ताव गरिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० फागुन ७ गते सोमबार १९ फेब्रुअरी २०२४ । दशमी, माघ शुक्लपक्ष । सिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ६:४१, सूर्यास्त ५:५६ । राष्ट्रिय प्रजातन्त्र दिवस । निर्वाचन दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : धन आर्जन हुनेछ | तुला | : अधुरा योजना पूरा हुने देखिन्छ |
| वृष | : काम बन्नाले उत्साह जाग्नेछ | वृश्चिक | : भाग्योदयको समय रहनेछ |
| मिथुन | : दोहोरो लाभ मिल्नेछ | धनु | : अध्ययन अध्यापनमा गडबडी हुनेछ |
| कर्कट | : श्रमबाट प्रशस्त लाभ हुनेछ | मकर | : काममा उत्साह बढ्नेछ |
| सिंह | : पारिवारिक समस्या आउनसक्छ | कुम्भ | : प्रेमको बन्धन कसिनेछ |
| कन्या | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ | मीन | : स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ |

# त्रिभुवन विश्वविद्यालयलाई कस्तो उपकुलपति चाहिन्छ ?



✍ डा. भरतसिंह थापा



त्रिभुवन विश्वविद्यालयले केही दिनमै नयाँ उपकुलपति पाउँदैछ । लामो समयदेखि नेतृत्वविहीन त्रिवि, निवर्तमान उपकुलपतिकै अनुभव र अभिव्यक्तिका आधारमा आधाभन्दा बढी समय आफ्नो कार्यकक्षमै बस्न नसकेको परिस्थितिमा समस्या नै समस्याले जेलिएको देशको पहिलो र सबैभन्दा ठूलो विश्वविद्यालय अहिले गतिहीन र दिशाहीन अवस्थामा छ ।

अधिकांश विद्यार्थीमा विश्वविद्यालयको उपाधि प्रति कुनै उत्साह छैन । प्राध्यापकहरूलाई आफ्नो मूल पेशा शिक्षण, अनुसन्धान र परामर्श भन्दा पनि गैर-शैक्षिक क्रियाकलापहरूबाट बढी लाभ भइरहेको देखिन्छ । प्राध्यापक तथा कर्मचारीहरूलाई उपयुक्त काममा लगाउन न कुनै पदाधिकारीसँग सोच छ, न त हिम्मत नै ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा आएका विभिन्न उथलपुथल जस्तैह डिजिटलाइजेसन र आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोग, विश्वव्यापीकरण, सामाजिक-राजनैतिक ढाँचामा आएको परिवर्तनहरू आदिले उच्च शिक्षामा पाराडाइम सिफ्ट आएको छ । पाठ्यक्रम, शिक्षण विधि, शिक्षण सामग्री, मूल्यांकन, छात्रवृत्ति र कक्षामा विद्यार्थीको सम्मिश्रणमा निकै परिवर्तन आएकोले विश्वविद्यालयलाई गतिवान प्रयोगशालाको रूपमा विकास गरिनुपर्दछ ।

विश्वविद्यालयले समाजमा व्याप्त गरिबी, असमानता, बेरोजगारी, जलवायु परिवर्तनले निम्त्याएका चुनौती, अन्याय, अत्याचार, अज्ञानता, भ्रष्टाचार, आर्थिक मन्दी, मनोरोग लगायत समस्यासँग सम्बन्धित प्रश्नहरूको जवाफ दिन सक्नुपर्दछ । अहिलेको जटिल परिस्थितिमा आउने त्रिभुवन विश्वविद्यालयको उपकुलपतिले मुख्यतया तीनवटा पक्षहरूमा विशेष ध्यान ध्यान दिनुपर्नेछ ।

पहिलो, त्रिभुवन विश्वविद्यालयको उपकुलपति एक कुशल व्यवस्थापक हुनुपर्दछ । विश्वविद्यालयभित्र रहेको मानव संसाधन, भौतिक स्रोत र साधन र वित्तीय स्रोतको उच्चतम सदुपयोग गर्दै विश्वविद्यालयलाई शैक्षिक उत्कृष्टता, भौतिक समृद्धि र पर्यावरणीय रूपमा सुन्दर बनाउन सकिन्छ ।

त्रिवि कीर्तिपुरको मूल गेटबाट विश्वविद्यालयका विभागहरूसम्म पैदल अवलोकन गर्ने हो भने उपकुलपतिको एक कार्यकालका लागि गर्नुपर्ने कामहरूको सूची तयार पार्न निकै सहयोग पुग्नेछ । देशमा उच्च शिक्षा अध्ययनरत सम्पूर्ण विद्यार्थीको संख्याको लगभग ८५ प्रतिशत हिस्सा त्रिविमा भइरहेको अवस्थामा घट्दो विद्यार्थी भर्ना र बढ्दो विदेश अध्ययनको महलाई कसरी सामना गर्ने भन्ने विषय अर्को व्यवस्थापकीय चुनौती हो ।

दोस्रो, नेतृत्वदायी भूमिका । उपकुलपतिले समग्र विश्वविद्यालयको नेतृत्वदायी भूमिका खेल्न अहिलेको जटिल परिस्थितिमा केही कठोर निर्णय लिन सक्नुपर्छ । दर्जनौं दलीय संगठनहरूलाई सीमित र अर्थपूर्ण, पेशागत संगठनमा रूपन्तरण गर्न र विद्यार्थीको युवा शक्तिलाई सिर्जनशीलतामा परिणत गर्न, खण्डहर भइसकेका अनुसन्धान केन्द्रहरू र असान्दर्भिक विभाग र अध्ययन संस्थानहरूको पुनर्संरचना गर्न कठोर वा निर्मम भएर सुझबुझका साथ निर्णय लिन सक्नुपर्छ ।

यसका लागि उपकुलपतिमा उच्च नैतिकता कुशल कार्यान्वयन कला निष्पक्षता र निर्देशनमा स्पष्टता हुनु जरुरी छ । जस्तोसुकै क्षमतावान् व्यक्ति उपकुलपति भए पनि यदि ऊ कुनै राजनैतिक दलको आड र भागबन्डाका आधारमा नियुक्ति हुन्छ भने परिवर्तन असम्भव छ ।

त्रिविमा रहेको मानव संसाधनको उच्चतम प्रयोगका लागि प्रतिभाको पहिचान गरी सही व्यक्ति सही स्थानको सिद्धान्त अनुसार जिम्मेवारी तोकिनुपर्छ । युवा प्राध्यापकहरूको वृत्ति-विकास नेतृत्व कलाको विकास गर्न क्षमता र इच्छा अनुसार व्यवस्थापकीय र नेतृत्वदायी भूमिका प्रदान गरिनुपर्छ । अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त नेपाली तथा विदेशी प्राध्यापकहरूलाई त्रिविमा योगदान गर्न अवसर प्रदान गरिनुपर्छ । अन्तर्राष्ट्रिय विद्यार्थीलाई आकर्षण गर्नका निम्ति आवश्यक पूर्वाधारको विकास र पर्याप्त छात्रवृत्तिको व्यवस्था गरिनुपर्छ ।

त्रिभुवन विश्वविद्यालयलाई बदनाम गर्ने परीक्षा प्रणालीमा व्यापक सुधार गर्दै अहिलेको परीक्षा नियन्त्रण कार्यालयलाई विघठन गरी शैक्षिक पात्रो कडाइका साथ लागू गरी पूर्णरूपमा प्राध्यापक, संकाय र क्याम्पसहरूलाई शिक्षण तथा मूल्यांकनको लागि जिम्मेवार बनाउन विश्वविद्यालयमा सशक्तीकरण र विकेन्द्रीकरणको प्रणालीलाई अवलम्बन गर्दै जानुपर्दछ ।

तेस्रो हो प्राज्ञिक नेतृत्व कला । विश्वविद्यालयको शैक्षिक उन्नयनको लागि नवीनतम र राष्ट्रको प्राथमिकतामा परेका क्षेत्रहरूको अध्ययन, अनुसन्धान गर्ने गराउनुपर्छ । यसका लागि आवश्यक नीति तर्जुमा योजना तथा कार्यक्रम तर्जुमा समन्वय र कार्यान्वयन गर्ने संयन्त्र र प्रणालीको विकास गर्ने नेतृत्व कला उपकुलपतिमा हुनुपर्दछ ।

उच्च शिक्षालाई सान्दर्भिक, जीवन उपयोगी र अनुसन्धानमुखी बनाउन आवश्यक दिशानिर्देश दिन सक्नुपर्छ । वैचारिक तथा बौद्धिक स्वतन्त्रताका लागि उपयुक्त वातावरण सिर्जना गर्न जरूरी छ । प्रतिस्पर्धाको आधारमा विद्वत् युवा र युवा वैज्ञानिकहरूलाई विश्वविद्यालयमा प्रवेश गराई अध्ययन-अध्यापन तथा अनुसन्धान कार्यमा नवीनता ल्याउनु जरुरी छ ।

सर्वोत्कृष्ट विद्यार्थीहरूलाई विश्व विद्यालयले विभिन्न योजना मार्फत टिकाइराख्न प्रतिधारण नीति तयार गरी अवलम्बन गर्नुपर्छ । विश्वविद्यालयमा कम्तीमा १० प्रतिशत विदेशी विद्यार्थीले अध्ययन गर्ने गरी भावी योजना तयार पार्नुपर्छ । अन्तर्राष्ट्रिय सम्बन्धलाई पुनर्विचार र पुनर्व्याख्या गरी नयाँ शिराबाट हेरिनुपर्छ ।

अन्त्यमा, विश्वविद्यालय अहिले पुनर्निर्माण र पुनरुत्थानको पर्खाइमा छ । परम्परागत र यथास्थितिवादी सोचबाट ग्रसित भई विश्वविद्यालय हाँक्न सकिंदैन । त्यसैले बृहत् रूपान्तरणको रणनीति सहित कठोर तर सुझबुझका साथ निर्णय लिन सक्ने जुझारु, निष्पक्ष, इमानदार र विश्वसनीय नेतृत्वले मात्र त्रिविलाई महान् र दक्षिणएशियाकै एउटा उत्कृष्ट शैक्षिक गन्तव्य बनाउन सम्भव छ ।

*(साभार: अनलाइनखबर)*

# अब हामीकहाँ कस्ता फिल्म बन्न आवश्यक छ ?



✍ राजेश हमाल

> मैले फिल्मका पात्रमार्फत प्रकट गरेको विद्रोह र आक्रोशलाई दर्शकले आफ्नो ठान्थे । जसले विद्रोहको भावना हुँदाहुँदै पनि विद्रोह प्रकट गर्न सक्दैनथे, आक्रोश प्रकट गर्न सक्दैनथे, ती दर्शक मैले निभाएको पात्रमा आफूलाई पाउँथे ।

कलाकार भनेको विशेष गरेर भावनासँग खेल्ने व्यक्ति हो । भावना मान्छेहरूका लागि असाध्यै महत्त्वपूर्ण छ । विडम्बना के छ भने समाजमा मान्छेले आफूले चाहेजस्तो हिसाबबाट आफ्नो जीवनकालमा भावनाहरू प्रकट गर्न सक्दैन । किनकि समाजमा विभिन्न किसिमका परिधि छन् । समाजमा तपाईंले चाहे जति प्रेम, चाहेजति घृणा, चाहे जति आक्रोश व्यक्त गर्न सक्नुहुन्न । यतिसम्म कि तपाईं चाहेजति हाँस्न सक्नुहुन्न । तपाईं संकुचित बन्नुपर्छ, मैले यसो गर्दा अरुले के भन्लान् भनेर सोच्नुपर्छ ।

रेस्टुरेन्टमा गज्जबकी युवती देख्नुभयो । 'आहा ! कति राम्री यार, गएर आई लभ यु भन्न पाए' भनी सोच्नुभयो भने तपाईं 'भन्न पाए'मै गुम्सिरहनुहुन्छ । तपाईं सोच्नुहुन्छ कि मैले यसो भन्दा उसको प्रतिक्रिया के हुने हो ! सिनेमामा यही खालको स्क्रिप्टमा काम गर्न सकिन्छ । रेस्टुरेन्टमा बसिरहेकी युवतीको अगाडि सिधै गएर एउटा घुँडाले टेकेर आई लभ यु भन्ने दृश्य छ भने कलाकारले निर्देशकको निर्देशन अनुसार दिल खोलेर भन्न सक्छ । सिनेमामा भिलेनको कठालो समातेर चिच्याउन सकिन्छ । वास्तविक जीवनमा यी कार्य गर्न सम्भव छैन । कलाकारिताको भिन्नता यही हो, यी सबै नवरस, सबै भावनाहरूलाई कलामार्फत प्रकट गर्न सकिन्छ ।

गीत, सिनेमा, लेख वा कुनै सिर्जनामार्फत मानिसले आफूलाई अभिव्यक्त गरि रहेको हुन्छ । यस्ता सिर्जना नगर्नेले एकआपसमा कुरा गरेर मात्रै पनि आफूलाई अभिव्यक्त गरिर हेका हुन्छन् ।

सिनेमामा जहिले पनि पोजिटिभ र नेगेटिभ तत्त्व राख्नैपर्ने हुन्छ, राख्दिनँ भन्दाभन्दै पनि । कहिलेकाहीं वा कुनै बेला समाजमा प्रत्यक्ष नेगेटिभ तत्त्व देखिएको हुँदैन, अझ भनौं टड्कारो रूपमा देखिएको हुँदैन । पहिले सोभियत युनियन कम्युनिस्ट राज्य थियो, त्यो बेला हलिउडले फिल्म बनाउँदा रसियालाई नेगेटिभ देखिरहेको हुन्थ्यो । अहिले सोभियत युनियन कोल्याप्स भयो, त्यसपछि हलिउडले अर्को नेगेटिभ पात्र खडा गर्नुपरेको छ । अहिले हलिउड हेर्नुभयो भने, या त आतंकवादी होला, या केही न केही नेगेटिभ तत्व कल्पना गरिएको हुन्छ । उनीहरूले पृथ्वीको मान्छे अन्य ग्रहको एलियनसँग लडेकोसम्म कल्पना गरेका छन् ।

अहिले हामीले सिनेमाको कथामा विदेश जानुपरेको कारण खोतल्न सक्छौँ, राजनीतिका चलखेल, भ्रष्टाचारलाई देखाउन सक्छौँ ।

बलिउडको कुरा गर्दा, राजनीतिक हिसाबले इन्डिया र पाकिस्तानबीच कन्फ्लिक्ट हुनु दुर्भाग्यपूर्ण छ तर सिनेमाको सर्जकले त्यसबाट मसला पाइरहेको छ । हाम्रो पेरिफेरीमा कुरा गर्दा, त्यसरी बाहिरी तत्त्वलाई फिल्ममा ल्याउने स्थानमा हामी छैनौँ । हाम्रो राजनीतिक र सामाजिक परिवेश पनि त्यो खालको होइन ।

यद्यपि राष्ट्रवाद भन्ने चिज यस्तो हो, जसलाई प्राय:ले आत्मसात् गर्छन् । नेपाली झन्डा फहराएर रातो र चन्द्र सूर्य भन्ने गीत बज्दा हामीमा राष्ट्रवादको भावना जागिहाल्छ । अहिले इजरायलमा बमबारी भइरहेको छ, त्यहाँ बस्ने नेपाली महिलाले बमबारीकै बीचबाट म पनि गोरखालीको छोरी हो, म डराउँदिनँ भनिन् भने यहाँ नेपाली कता न कता जुर्मुरिइहाल्छन् । फिल्ममा सर्जकले यस्तै भावना तान्ने कोसिस गर्छ । मानिसलाई छुने यस्तो स्युर सट भावनालाई क्यास गर्न खोजिहाल्छन् । यस्ता भावना सशक्त ढङ्गले पस्केको खण्डमा फिल्ममा अन्य त्रुटि पनि नजरअन्दाजमा पर्छन् । जस्तो : भर्खरै भारतमा गदर २ फिल्म आयो । तपाईंले फिल्म मेकिङको पारखी भएर हेर्नुभयो भने त्यहाँ धेरै त्रुटि छन् । अहिले बलिउडमै पनि फिल्महरू हाई टेक्नोलोजीमा बनिरहेका छन् । त्यसको अनुपातमा यो फिल्म साह्रै फितलो छ तर राष्ट्रिय भावना प्रबल रूपमा आएपछि बाँकी कुरा नजरअन्दाज गरियो ।

नेगेटिभ र पोजिटिभ पक्षहरू फिल्ममा ल्याउने क्रममै राष्ट्रवादको भावना जगाउनेदेखि आफ्नो राष्ट्रको सामाजिक मुद्दाहरू उठाउने गरिन्छ । अहिले हामीले सिनेमाको कथामा विदेश जानुपरेको कारण खोतल्न सक्छौँ, राजनीतिका चलखेल, भ्रष्टाचारलाई देखाउन सक्छौँ ।

पछिल्लो १०-१२ वर्षमा विभिन्न मुद्दामा केन्द्रित भएर धेरै नेपाली चलचित्र बने । ती फिल्म झट्ट हेर्दा विगतका भन्दा अलि बेग्लै स्वादको जस्तो देखिन्थ्यो, दर्शकले यस्तै महसुस गरेको पाइयो ।

सुरुवाती चरणमा मैले जस्ता फिल्म खेलैं, त्यतिबेला फिल्ममा कुन न कुनै रूपमा नायकको हिरोइजम् देखाइन्थ्यो । हरेक मुद्दामा नायक 'लार्जर देन लाइफ' जस्तो देखिएर समस्याको समाधानमा लाग्थ्यो वा त्यस्तै आश्वासन दिन्थ्यो । मैले खेलेका अधिकांश फिल्ममा त्यही किसिमको हिरोइजम् झल्केको हुन्थ्यो । मैले एउटा 'भरिया' फिल्म खेलेको छु । ठेलगाडा चलाउने, भारी बोक्ने पात्र नै किन नहोस्, अन्त्यमा ऊ आफ्नो परिवार, परिवेश र समाजमा भएका थिचोमिचो तथा अन्यायमा समाधान खोज्ने विद्रोही भएर निस्कन्छ । अहिलेको नेपाली फिल्ममा त्यो किसिमको हिरोइजम् भएको पात्र देखिँदैन ।

पछिल्लो दशकमा जस्तो विषयवस्तु पस्कन खोजेको हो, सोहीअनुरूपको चरित्र निर्वाह गर्न सक्ने कलाकारलाई लिएर चलचित्र बनाउन थालियो । अहिले आएर कता-कता नेपाली दर्शकले त्यो (हिरोइजम्) पनि खोजिरहेको जस्तो फिल भइरहेको छ ।

बलिउडमा ८०-९० को दशकको तुलनामा अहिले चलचित्रको प्रस्तुतिमा धेरै भिन्नता आएको छ तर बलिउडले पहिलेको जस्तो हिरोइजम् क्यारेक्टरलाई छाडेको छैन । हामीकहाँ पनि यो आवश्यक देखिन्छ ।

अहिले सामाजिक र राजनीतिक रूपमा हामी यस्तो घडीमा आएका छौँ, आम जनसमुदायले केही समाधान देखिरहेका छैनन् । अहिले समाजमा कुरीति-बेथिति छ, राजनीतिक अवस्था फितलो छ, कोही मार्गनिर्देशन दिनेजस्तो पात्र देखियो भने त्यसलाई समाजले उचालेको देखिन्छ, वास्तविक जीवनमै पनि । कोही हिरोइजम् भएको व्यक्तिले लिड गरिदेओस् भन्ने मनसाय कता-कता समाजमा देखिन्छ । नेपाली चलचित्रमा अब हिरोइजम् क्यारेक्टर आयो भने सामाजिक र राजनीतिक बेथिति, विकृति र किचलोकै खिलाफमा आउने हो । एलियन वा थर्ड कन्ट्रीलाई नेगेटिभ पात्र बनाएर होइन, आफ्नै सामाजिक-राजनीतिक विकृति र विसंगतिका विरुद्ध लड्ने 'लार्जर देन लाइफ'को क्यारेक्टर आइदियो भने मलाई लाग्छ दर्शकले आफ्ना गुम्सिएका-थिचिएका भावना उजागर भएको महसुस गर्नेछन् ।

किसान, मजदुर, विद्यार्थी वा प्रशासन हाँक्ने पात्र पुलिस इन्सपेक्टरकै चरित्रमा किन नहोस्, एक किसिमको सामाजिक कुरीति, वर्गीय थिचोमिचो, जमिनदारका अन्याय वा राजनीतिक बेथितिकै खिलाफमा उत्रने पात्रको भूमिका मैले अधिकांश चलचित्रमा निभाएको छु । लामो समयसम्म नेपाली समाज यस्तै खालको थिचोमिचोबाट गुज्रिरहेको पनि थियो । मैले गरेको बहादुर, गाउँले, एक नम्बरको पाखे, भरिया, किसान आदि फिल्ममा तत्कालीन सामाजिक थिचोमिचो वा जनसमुदायको असन्तुष्टि देखाइएको छ ।

मैले फिल्मका पात्रमार्फत प्रकट गरेको विद्रोह र आक्रोशलाई दर्शकले आफ्नो ठान्थे । जसले विद्रोहको भावना हुँदाहुँदै पनि विद्रोह प्रकट गर्न सक्दैनथे, आक्रोश प्रकट गर्न सक्दैनथे, ती दर्शक मैले निभाएको पात्रमा आफूलाई पाउँथे ।

*(साभार: रातोपाटी)*

# निगमको ६० प्रतिशत काम ढुवानीले गरेको छ: कार्यकारी निर्देशक शाह

साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ नेपाल आयल निगमका कार्यकारी निर्देशक नगेन्द्र शाहलेल आयल निगमको ६० प्रतिशत काम ढुवानी व्यावसायीले गरेको बताएका छन् । शनिबार मध्यमाञ्चल पेट्रोलियम ढुवानी व्यावसायी संघको १३ औं वार्षिक साधारसभा तथा छैटौं अधिवेशनका लागि हेटौंडा आइपुगेका कार्यकारी निर्देशक शाहले यस्तो बताएका हुन् ।

शाहले पेट्रोल ढुवानीमा ब्यवसायीको ठुलो सहयोग रहेको बताउँदै अधिवेशनबाट नेतृत्व चयन प्रक्रिया सहमतिमा जान समेत आग्रह गरे । पछिल्लो समय पाइपलाइन विस्तार हुँदा ढुवानी व्यावसायीमा केही असर पर्न गएको उनको भनाई छ । नेपालमा केही समय आर्थिक मन्दी भएको कारण पेट्रोलियमपदार्थ आयात घटेकोले ढुवानीमा समस्या हुने गरेको गुनासो ब्यवसायीले गरेका थिए ।

शाहले गतवर्ष अघिल्लो वर्षको तुलनमा २ प्रतिशतले पेट्रोल बढी आएको तर, डिजल केही कम आयात भएको बताए । पाइपलाइन विस्तर हुँदा ढुवानी व्यवसायीलाई मर्का परेको भनेता पनि आयल निगमले वार्षिक ६ देखि ७ अर्ब रुपैयाँ ढुवानीबापत भुक्तानी गर्दै आएको जानकारी गराए । विगतका दिनमा ढुवानी गर्ने गाढी भारतमा दुर्घटना हुँदा ब्यवसायी आफैंले हेर्नु पर्नेमा अहिले निगमले बीमाको ब्यवस्था गरेको उनको भनाई छ ।

ढुवानी भाडामा केही प्राविधिक कठीनाई रहेको बताउँदै लोडिङको खर्च निगमले गर्ने आश्वासन शाहले दिए । पछिल्लो समय ढुवानीका साधन पुराना भएका ब्यवसायीलाई सहजताको लागि नयाँ ट्याङ्कर आयातमा प्रतिबन्धित गरेको समेत जानकारी गराए ।

**तीन वर्षका लागि नयाा नेतृत्वमा शिवाकोटी चयन**

मध्यमाञ्चल पेट्रोलियम ढुवानी व्यावसायी संघको शनिबार भएको अधिवेशनबाट ३ वर्षका लागि दीपक शिवाकोटीको नेतृत्वमा नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको छ ।

संघको बरिष्ठ उपाध्यक्षमा नारायण सुबेदी, ५ उपाध्यक्षमा केशबप्रसाद आयार्च (चितवन), असगर अली हवारी (बीरगंज), बिशाल बखती (काठमाडौं) चयन भएका छन् । थप २ जना उपाध्यक्ष पछि मनोनित गरिने निर्वाचन समिति संयोजक दीपेन्द्र ढकालले जानकारी दिएका छन् । संघको महासचिव रामचन्द्र लुईंटेल, सचिव पुष्प मैनाली, सहसचिव जलालदिन मियाँ, कोषाध्यक्ष प्रकाश बर्तौला चयन भएका छन् ।

त्यस्तै कार्यसमिति सदस्यमा रामप्रसाद कालाखेती, देवराज पाण्डे, गौरीकान्त पाठक, क्षेत्रसिंह स्याङ्तान, मुराहरिप्रसाद साह, रहमत मियाँ, कृष्णमान श्रेष्ठ, रोहन श्रेष्ठ चयन भएका छन् । कार्यसमितिका १० जना सदस्यमध्य ८ जना अधिबेशनबाट चुनिएका र बाँकी २ जना पछि मनोनित गरिने निर्वाचन समितिले जनाएको छ ।

# श्रीकृष्ण तालुमाया नमूना स्मृति गजल सम्मान न्यौपानेलाई

साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ गजल मञ्च मकवानपुरले गजलकार अनिश न्यौपाने 'भावना'लाई श्रीकृष्ण तालुमाया नमूना स्मृति गजल सम्मान प्रदान गरेको छ ।

शनिबार गजल मञ्चको २११ औं गजलयात्राबीच गजलकार न्यौपानेलाई नगद ५ हजार रुपैयाँसहित गजल सम्मान प्रदान गरेको हो । गजल विधानको उन्नयन, विकास र प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको भन्दै युवा गजलकार न्यौपानेलाई सम्मान गरिएको हो ।

मञ्चका अध्यक्ष केशव समर्पण, पुरस्कार संस्थापक भोला शिवाकोटी, प्रमुख अतिथि निमेष निखिल, विशिष्ट अतिथि तुलसी घिमिरेलगायतले न्यौपानेलाई नगद र सम्मानपत्र प्रदान गरेका थिए । सम्मान पाएसँगै न्यौपानेले कार्यक्रममा आफ्ना तीनवटा गजल प्रस्तुत गरेका थिए । मकवानपुरमै अध्ययन र गजल कर्म गरेका न्यौपानेले २०७० मा 'पढेपछि थाहा पाउँछौं' गजल संग्रह प्रकाशन गरेका छन् । उनको 'मनको आँखा' गजल संग्रह पनि प्रकाशनमा छ । शिवाकोटीले आफ्ना बुबाआमा र छोरीको स्मृतिमा स्थापित गजल सम्मान पाउने न्यौपाने पहिलो गजलकार हुन् । मञ्चले अबदेखि हरेक वर्ष गजल सम्मान प्रदान गर्ने मञ्चका अध्यक्ष समर्पणले जानकारी दिए ।


यसैबीच मकवानपुरका माध्यमिक तहस्तरीय गजल प्रतियोगितामार्फत सर्वोत्कृष्ट हुन सफल बकैया-३ हात्तिसुँडेमा रहेको बुद्ध माविकी कक्षा ९ कि छात्रा मनिका नेगीले मनमाया स्मृति गजल पुरस्कार प्राप्त गरेकी छन् । प्रतियोगितामा सहभागी १७ जना विद्यार्थीमध्ये नेगी सर्वोत्कृष्ट घोषित भई नगद ५ हजार ५ सय ५५ रुपैयाँ नगदसहित पुरस्कृत भएकी हुन् । गजल मञ्च मकवानपुरका पूर्वअध्यक्ष दीपक गौतमले आफ्नी हजुरआमाको स्मृतिमा स्थापना गरेको पुरस्कार हरेक वर्ष माध्यमिक तहमा अध्ययनरत विद्यार्थीबीच गजल प्रतियोगिता गरी सर्वोत्कृष्टलाई प्रदान गर्ने गरिएको छ ।

प्रतियोगितामा उत्कृष्ट ८ विद्यार्थीलाई गजलवाचनको लागि निम्त्याइएको थियो । साहित्यकार विश्वनाथ सञ्जेल र भवानी तिमल्सिनाले गजल प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गरेका थिए । नियमित गजल यात्राअन्तर्गत गजलकार मसान उपासक, पुरुषोत्तम आचार्य, सुवास सजल, किशन पौडेललगायतले गजलवाचन गरेका थिए ।

मञ्चका अध्यक्ष समर्पणको अध्यक्षतामा भएको कार्यक्रममा पुरस्कार संस्थापकका तर्फबाट भोला शिवाकोटी, विशिष्ट अतिथि तुलसी घिमिरे, प्रमुख अतिथि सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलले मन्तव्य व्यक्त गरेका थिए ।

# थाहामा छुटेका सुकुम्बासी र अव्यवस्थित बसोबासीका लागि निवेदन खुल्यो

साझाकुरा संवाददाता




हेटौंडा, ५ फागुन/ राष्ट्रिय भूमि आयोगल भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासको व्यवस्थापन गर्ने प्रयोजनका लागि निवेदन खुलाएको छ ।

आयोगको सूचनामा आधारमा थाहा नगरपालिकाले नगर क्षेत्रका यसअघि निवेदन दिन छुटेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा पाउन आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भर्न आव्हान गरेको छ । आउँदो ५ चैत्रसम्म थाहा नगरपालिका कार्यालयमा छुटेकाहरुको निवेदन संकलन गरी अनलाईन अद्यावधिक गर्ने थाहा नगरपालिका प्रशासन शाखाले जनाएको छ ।

तोकिएकै मितिभित्र निवेदन पेश गर्न नगरपालिकाले आग्रह गरेको छ । पालिकाको सूचनामा यो अन्तिम पटकका लागि सूचना प्रकाशन गरिएको जनाएको छ । निवेदन फारम भर्नका लागि भूमि आयोगको अनुसार परिवारमूली र नागरिकता प्राप्त परिवारका अन्य सबै सदस्यको नेपाली नागरिकताको प्रमाणप्रत्रको प्रतिलिपि अनिवार्य आवश्यक पर्नेछ भने भूमिहीन दलित, भूमिहीन सुकुम्बासी बाहेकका निवेदकका लागि आफू र आफ्नो परिवारका सदस्यको नाममा रहेको सबै जग्गाको पुर्जाको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

सूचनाअनुसार जग्गा उपभोगको प्रमाणसम्बन्धी कागजातको प्रतिलिपि पनि पेश गर्नुपर्नेछ । उपभोगको प्रमाणमा विद्युत/पानीको महशुल तिरेको रसिद, थाहा नगरपालिका वा वडा कार्यालयमा सम्पत्ती कर/बहाल विटौली कर तिरेको निस्सा/रसिद, घरमुली (दम्पत्तीमध्ये कोही) मृत्यू भएको भए मृत्यूदर्ताको प्रतिलिपि, घरमुली (दम्पत्ती) को छुट्टाछुट्टै पासपोर्ट साइजको फोटो एक/एकप्रति, वडा कार्यालयको सिफारिस, भोगचलन गर्न दिएको प्रमाण भए सोको एकप्रति, उपलब्ध अन्य प्रमाणको प्रतिलिपि फारमका साथ पेश गर्नुपर्ने सूचनामा उल्लेख छ ।

# भ्रम फैलाएर बैंकिङ प्रणालीमा जोखिम थप्नेमाथि किन हुँदैन कारबाही ?

काठमाडौं/'अराजक' व्यवसायी दुर्गा प्रसाईंले १ फागुन २०७९ मा झापामा भेला गर्दै बैंकको किस्ता नतिर्न आह्वान गरे । उनले त्यहाँ भनेका थिए- '२० लाखसम्मको कर्जा मिनाहा हुनुपर्छ । कुनै पनि बैंक तथा वित्तीय संस्था अथवा लघुवित्तका कर्मचारी कर्जा असुल गर्न आउँछन् भने मोसो दल्नुस् ।'

उनले पूर्वराजा ज्ञानेन्द्र शाहलाई मञ्चमा राखेर बैंकका कर्मचारीमाथि मोसो दल्ने दस्ता निर्माण भएको भन्दै बैंकका कर्मचारी माथि आक्रमण गर्न उत्तेजित भाषण गरे । 'ती कर्मचारीलाई मोसो दल्दा केही हुँदैन, पुलिसले हिरासतमा लगेर चार-पाँच दिन राख्ने न हो,' उनले भनेका थिए ।

राजनीतिक आडमा धन, अनि धनको आडमा राजनीतिक महत्वाकांक्षा फैलाउँदै लगेका प्रसाईंका वित्तीय अराजकताका वितण्डाकारी गतिविधि हेर्दा जति सामान्य छन्, तिनको असर त्यति नै फैलिँदो छ । ती गतिविधिले सामाजिक एकतामा मात्रै खलल पुगेको छैन, सिंगो बैंकिङ प्रणालीमाथि नै जोखिमको अवस्था सिर्जना गर्दै गएको छ ।

झापामा सभा गर्दै बैंक कर्मचारीलाई मोसो दल्न दस्ता खडा गरेको बताएका प्रसाईं त्यसको एक वर्ष कटेको दिन २ फागुन २०८० मा सबै वित्तीय सूचक सामान्य अवस्थामा रहेको एनआईसी एसिया बैंक डुब्न लागेको भन्दै बचतकर्तालाई आफ्नो पैसा झिक्न उक्साएका छन् ।

'एनआईसी एसिया बैंक डुब्दै छ । बचतकर्ताले आफ्नो र कम तुरुन्त निकाल्नु होला,' प्रसाईंले २ फागुनमा सामाजिक सञ्जालमा लेखेका छन्, 'सञ्चालक भागे भने सहकारीका बचकर्ताको जस्तो हालत होला । बेलैमा होस् पुऱ्याउनु होला ।'

यसबीचमा उनले देशभरि बैंक तथा वित्तीय संस्थाको ऋण तिर्नु नपर्ने भन्दै ऋण असुल गर्ने कर्मचारीलाई आक्रमण गर्ने, उत्तेजित पार्ने भाषण गर्दै आएका छन् । आक्रामक ऋण प्रवाह तथा कर्जा असुली प्रति ग्राहकहरुको गुनासो पक्कै छ । तर, प्रसाईंले दाबी गरेजस्तो यो बैंक डुब्ने अवस्थामा पुगेको छैन, बरु वित्तीय सूचकका आधारमा अन्य धेरै बाणिज्यहरुभन्दा राम्रो छ ।

वाणिज्य बैंकहरूको औसत निष्क्रिय कर्जा अनुपात ३ दशमलव ८१ प्रतिशत हुँदा एनआईसी बैंकको यस्तो अनुपात निकै कम अर्थात् १ दशमलव १९ प्रतिशत मात्रै छ । त्यस्तै, यो बैंकको पूँजीकोष पनि राष्ट्र बैंकले तोकेको सीमाभित्र नै छ । बैंकको कर्जा निक्षेप अनुपात (सीडी रेसियो) पनि ७७ दशमलव १८ प्रतिशत छ । राष्ट्रबैंकले यस्तो अनुपात ९० प्रतिशतसम्म पुऱ्याउनसक्ने सीमा दिएको छ । यसरी बैंकको वित्तीय स्वास्थ्य बिग्रिएका कारण बचतकर्ताले निक्षेप निकाल्नुपर्ने अवस्थामा पुगेको छैन । एनआईसी एसिया मात्रै नभएर कुनै पनि वाणिज्य बैंकमा अहिले बचकर्ताले बचत झिक्नुपर्ने जोखिमको अवस्था देखिँदैन । निश्चित व्यावसायिक समुदाय तथा कम्पनीलाई लक्ष्यित गर्दै अराजकतालाई प्रवर्द्धन गरिरहेका प्रसाईंले यसपटक एनआईसी एसियालाई निसानामा पारिरहेका छन् । कुनै एउटा व्यक्तिले आफ्नो स्वार्थ पूरा गराउन बैंकिङ प्रणाली नै जोखिममा पर्ने अवस्था आउँदा पनि राज्य संयन्त्र त्यसलाई नियन्त्रण गर्न असफल भइरहेको छ ।

वित्तीय क्षेत्रका जानकारहरू पछिल्लो अराजक गतिविधिले गम्भीर समस्या निम्त्याउन सक्ने बताउँछन् । बैंक सार्वजनिक सम्पत्ति भएको र सार्वजनिक सम्पत्तिमाथि क्षति पुग्ने गतिविधि हुँदा राज्य र नियामकीय निकायका रूपमा राष्ट्र बैंकले धमिलो पानीमा माछा मार्ने वातावरण बन्न दिन नहुने कर्पोरेट कानुनका जानकार प्रा. डा. गान्धी पण्डित बताउँछन् ।

पूर्वबैंकर भुवन दाहाल पनि प्रकाशित वित्तीय सूचकमा प्रसाईंले दाबी गरेको बैंक डुब्ने अवस्था नभएको बताउँछन् । अहिलेको अवस्थामा निक्षेपकर्ता आत्तिनु नपर्ने र बैंक डुब्ने अवस्था नभएको उनले प्रष्ट पारे ।

प्रसाईंले बैंक तथा वित्तीय संस्थामाथि मात्रै नभएर राष्ट्र बैंक र गभर्नर महाप्रसाद अधिकारीको चरित्र हत्या गर्ने अभिव्यक्ति नै दिएका छन् । उनले गभर्नर अधिकारी सबैभन्दा ठूलो दलाल भएको आरोप मात्रै लगाएनन्, अधिकारीमाथि उक्त आक्षेप किन लगाए भन्ने विषय पनि आफैंले बाहिर ल्याए ।

बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण तिर्न दुबईबाट पैसा ल्याउन लागेको भन्दै उक्त पैसा गभर्नर अधिकारीले नै ल्याउन नदिएर रोकेको आरोप प्रसाईंले लगाए । जबकि, स्रोत नखुलेको कुनै पनि विदेशी लगानी नेपालमा ल्याउन पाईंदैन । देशमा कालोधन भित्र्याउन नपाएपछि उनले राष्ट्र बैंक र गभर्नर प्रति आक्रमण गरेको स्पष्ट हुन्छ ।

यसरी उनले आफ्नो स्वार्थ पूरा गराउन सर्वसाधारणलाई उचालिरहेका छन् । पछिल्लो समय सहकारी क्षेत्रमा प्रभावकारी नियमन नहुँदा सञ्चालक र व्यवस्थापकले स्रोत दुरुपयोग गरेर धेरै नागरिकको बिचल्लीको अवस्थामा पुगेका छन् ।

यस्तोमा राष्ट्र बैंकजस्तो प्रभावकारी नियामक निकायले नियमन गरेको संस्था डुब्दै छ भनेर उनले धमिलो पानीमा माछा मार्ने प्रयास गरेका हुन् ।

नेतालाई प्रभावमा पारेर आफ्नो स्वार्थसिद्धि नभएपछि उनले एमाले अध्यक्ष केपी ओली लगायतमाथि पनि आक्रमण गरिरहेका छन् । तर, एमाले अध्यक्ष ओलीले एक कार्यक्रममा प्रसाईंकै अराजकतालाई मलजल गर्ने अभिव्यक्ति दिए ।

बैंक, बीमा तथा वित्तीय क्षेत्र कर्मचारी संघ नेपालको सातौं राष्ट्रिय महाधिवेशन उद्घाटन गर्दै ओलीले 'बैंकहरू पनि मिटरब्याजी नै भएको' बताएका थिए । 'बैंकहरूले नराम्रो नमान्नु होला । बैंकहरू पनि मिटरब्याजी नै हो । तीन महिनामा ब्याजलाई साँवामा गाभ्ने भनेको नै मिटरब्याजी हो,' ओलीले भनेका थिए, 'तीन/तीन महिनामा ब्याजलाई साँवामा गाभ्ने, त्यही होइन मिटरब्याजी ? ऋण लिनेले त्यसबाट लगानी गरेर प्रतिफल लिएर तिर्ने होला नि ? प्रतिफल आउनै नसक्ने गरी केही वर्षभित्र कसरी डबल हुन्छ ?' यद्यपि, ओलीले ऋण तिर्दिन भन्नु गलत भएको भन्न चाहिँ छुटाएनन् ।

प्रसाईंले बिना कुनै आधार मारवाडी समुदायका व्यवसायीमाथि आक्रमण गरिरहेका छन् । मारवाडी समुदायकै व्यवसायी संस्थापक लगानीकर्ता रहेको बैंकलाई नै लक्षित गर्नुमा केही कारण रहेको बैंकिङ क्षेत्रका जानकार बताउँछन् ।

गैरव्यावसायिक बैंकिङ गरेका उजुरीमा एनआईसी एसिया बैंक सधैं अगाडि आउने गरेको छ । राष्ट्र बैंकले कतिपय नीति एनआईसी एसिया बैंकलाई नै लक्षित गरी ल्याउनुपर्ने अवस्था आउने गरेको राष्ट्र बैंककै अधिकारीहरू बताउँछन् ।

सर्वसाधारणमा यो बैंकप्रति धेरै असन्तुष्टि रहेकाले त्यहीविरुद्धमा अभियान चलाउँदा मान्छेहरुलाई पछि लगाउन सहज हुने भएकाले पनि प्रसाईंको निशानामा एनआईसी एसिया बैंक परेको हुन सक्ने राष्ट्र बैंकका एक अधिकारीले बताए । वित्तीय प्रणालीविरुद्ध गलत प्रचार गर्नेलाई सरकारले तुरुन्त कारबाही गर्नुपर्छ

पूर्वगभर्नर डा. चीरञ्जीवी नेपाल बैंक तथा वित्तीय संस्थाविरुद्ध भ्रम फैलाउने र वित्तीय प्रणालीमाथि जोखिम सिर्जना गराउनेलाई कारबाही हुनुपर्ने बताउँछन् । 'बैंक तथा वित्तीय संस्थालाई जोखिममा पार्न एउटा समूह लागेको छ । तर, वित्तीय क्षेत्रमा कुनै समस्या छैन,' उनले भने, 'कोभिड र त्यसपछिको अनिश्चितताले केही शिथिलता भएको छ । निष्क्रिय कर्जा केही बढेको भए पनि वित्तीय सूचकहरूमा जोखिम छैन ।'

राष्ट्र बैंकले पनि पटक-पटक बैंकिङ क्षेत्रमा जोखिम नरहेको बताइरहेकाले यस्ता गलत प्रचार गर्नेलाई सरकारले कारबाही गर्नुपर्ने उनको भनाइ छ ।

'यो कुनै बैंक विशेष विरुद्धको मात्रै होइन, प्रणालीमाथिकै आक्रमण भएको हो । सिस्टम सिध्याउन खोज्नेलाई सरकारले तुरुन्त कारबाही गर्नुपर्छ,' पूर्वगभर्नर नेपालले भने ।

राष्ट्र बैंकले पनि यस्ता गलत प्रचारविरुद्ध अगाडि आएर कारबाही गर्नुपर्ने उनले बताए । 'बैंकमा केही प्रतिशत लगानी सेयर धनीको भए पनि ९० प्रतिशतभन्दा माथि निक्षेप सर्वसाधारणको हो । सर्वसाधारणको निक्षेप चलाउने बैंक सार्वजनिक सम्पत्ति हो,' उनले भने, 'सार्वजनिक संस्थामाथि भ्रम फैलाउँछन् भने कारबाही हुनुपर्छ । कानुन छैन भने कानुन बनाउनुपर्छ ।'

राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिमा वित्तीय स्थायित्वमा असर पुऱ्याउने गतिविधि नियन्त्रण गर्न बैंकिङ कसुर ऐन संशोधन गर्ने प्रक्रिया अगाडि बढाउने बताएको थियो । 'वित्तीय क्षेत्रको स्थायित्वलाई असर पुऱ्याउने गैर व्यावसायिक तथा उच्छृंखल गतिविधि समेत नियन्त्रण गर्न सहयोग पुग्ने गरी विद्यमान बैंकिङ कसुर ऐन, २०६४ मा समसामयिक संशोधन प्रक्रिया अगाडि बढाइने छ,' राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिमा भनेको थियो ।

**देवानी संहिताबाट कारबाही हुन सक्छ**

आफ्नो विचार सही वा गलत जे भए पनि कुनै उद्देश्य लिएर राज्यविरुद्ध गतिविधि गर्ने तथा सामाजिक बेथिति ल्याउने कार्य गर्दा देवानी संहिताबाट कारबाही हुनसक्ने प्रा.डा. पण्डित बताउँछन् ।

कुनै बैंक डुब्दैछ भनेर व्यक्तिगत स्वार्थ पूरा गर्ने उद्देश्यले पैसा निकाल्नू भनेर उचाल्दा प्रणालीलाई नै समस्या पार्न सक्ने उनी बताउँछन् । 'बैंकले सर्वसाधारणको निक्षेपलाई दीर्घकालीन योजना सहित लगानी गरेको हुन्छ । निक्षेपकर्ता सबै एकैपटक बैंकमा पैसा लिन जाँदा बैंकहरूले लिएको निक्षेपमध्ये ८० प्रतिशत कर्जा लगानी गरेको हुने भएकाले सबै पैसा एकैपटक फिर्ता गर्न सक्दैन,' पण्डितले भने, 'यस्ता घटनाले बैंकमा पैसा राख्नु असुरक्षित हो, सहकारीले जस्तै बैंकले पनि पैसा फिर्ता गर्न सक्दैन भनेर बैंकमा लाइन लाग्ने अवस्था भयो भने 'बैंक रन'को अवस्था आउँछ ।'

*(स्रोत: अनलाइनखबर)*

# जिल्लास्तरीय जुनियर क्योकुशिन कराते प्रतियोगिता

साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ हेटौंडामा १० फागुनबाट जिल्लास्तरीय जुनियर क्योकुशिन कराते प्रतियोगिता हुने भएको छ । नेपाल खेलकुद महासंघ मकवानपुरले महासंघको स्थापना दिवसको अवसरमा प्रतियोगिता गर्न लागेको जानकारी दिएको छ ।

प्रतियोगितामा महिलातर्फ ३० केजी मुनि, ३५ केजी, ४५ केजी र ५० केजी मुनि र पुरुषतर्फ ३० केजी, ३५ केजी, ४५ केजी र ५० केजी मुनिका तौलसमूहमा प्रतिस्पर्धा हुने जनाइएको छ । प्रतियोगितामा १ सय ५० जना खेलाडीले सहभागिता जनाउने महासंघ अध्यक्ष सबिन मुक्तानले जानकारी दिए । मुक्तानले प्रतियोगिताको उत्कृष्ट खेलाडीलाई नगदसहित मेडल र प्रमाणपत्र दिइने बताए ।

उनका अनुसार फागुन १२ गते अन्तिम दिन घ्याम्पो ब्रेकिङ, आइस ब्रेकिङ, टायल ब्रेकिङ, लठ्ठी ब्रेकिङ, मोटर साइकल पेटबाट गुडाउने र ढुङगा ब्रेकिङ जस्ता प्रदर्शन क्योकुशिन कराते खेलाडीबाट गरिनेछ । समापन समारोहमा मकवानपुरबाट राष्ट्रियस्तरका खेल खेल्ने खेलाडीलाई सम्मान गरिने बताइएको छ ।

महासंघ बागमती प्रदेश सचिव जय श्रेष्ठले देशमा सबैभन्दा बढी अन्तरास्ट्रियस्तरको पदक भित्र्याउने कराते खेललाई सरकारले लगानी नगरेको गुनासो गरे ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

# कृषकलाई साढे चार करोड भुरा विक्री

साझाकुरा संवाददाता



हेटौंडा ५ फागुन/ बागमती प्रदेश प्राकृतिक जलासय तथा मत्स्य संरक्षण केन्द्र मकवानपुरले चालु आर्थिक वर्षको ६ महिनामा विभिन्न साइजको माछाको भुरा ४ करोड ३८ लाख विभिन्न जिल्ला कृषकलाई माछापालन गर्न वितरण गरेको छ ।

केन्द्रले मधेश प्रदेशको सर्लाही, बारा, पर्सा, रौतहट तथा बागमती प्रदेशको काभ्रे, ललितपुर, चितवन, मकवानपुर र धादिङका करिब ३० हजार कृषकलाई माछापालन गर्न सुपथ मूल्यमा विभिन्न साइजका माछाका भुराहरु उपलब्ध गराइएको केन्द्रका सूचना अधिकारी बलराम आचार्यले जानकारी दिए । प्राकृतिक जलासय तथा मत्स्य संरक्षण केन्द्र मकवानपुरका ४२ ओटा पोखरीमध्ये ३३ वटा पोखरीमा अहिले नियमित माछापालन गर्दै आएको छ ।

३३ वटा पोखरीमा क्रमश: विभिन्न साइजको माछाको भुरा उत्पादन गर्ने, माउ माछाको प्रजननको लागि छुट्टै पोखरीको व्यवस्थापन तथा खाने माछाको लागि विभिन्न पोखरीमा पालन गरिरहेको कार्यालयप्रमुख सरोजकुमार यादवले बताए । चालु आर्थिक वर्षको असार मसान्तसम्ममा काठमाडौं, हेटौंडा, चितवन, पोखरा, जनकपुर र भैरहवामा करिब १८ मेट्रिकटन खानेमाछा विक्री गर्ने लक्ष्यका साथ अहिले पोखरीमा माछापालन भइरहेको छ ।

चितवनको भरतपुर, नारायणगढ, हेटौंडा र काठमाडौं, ललितपुरमा हाल उपभोक्ताको माग बमोजिम ३ मेट्रिकटन माछा विक्री गरिसकेको केन्द्रप्रमुख यादवले जानकारी दिए । वि.सं. २०२४ सालमा हेटौंडा ५, को पिप्लेमा तत्कालीन श्री ५ को सरकारले बृहत मत्स्य विकास केन्द्रको स्थापना गरी वि.सं. २०२५ सालदेखि माछापालन गर्ने कार्य सुरु गरिएको थियो । केन्द्रको कतिपय पोखरी ड्राई बनेका कारण उत्पादकत्व घटेको बताइएको छ । स्थानीयले पोखरीको माछा चोरी गर्ने कारणले पनि समस्या सृजना भएको छ ।

हेटौंडा बजारबाट प्राकृतिक जलासय तथा मत्स्य विकास केन्द्र पिप्ले ३ किलोमिटर पूर्वमा पर्दछ । अहिले केन्द्रमा प्रशासन, लेखा, प्राविधिक र मजदुर गरी ७० जनाले प्रत्यक्ष रोजगार पाएका छन् । प्राकृतिक जलासय तथा मत्स्य संरक्षण केन्द्रका प्रमुख यादवले आगामी आ.व. २०८०/८१ अवधीभित्र संघीय सरकारको कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयले सबै सरकारी फर्म र स्थानीय कृषकले पालन गरेका पोखरीमा अब चिसो मौसममा पनि माछापालन गर्ने पोखरीमा आवश्यकीय तापक्रमको व्यवस्था मिलाउन सरकारले वैकिल्प उपाय अवलम्बन गरिरहेको र सोहीअनुरुप स्रोतसाधन परिचालन हुने बताए ।

# रानीवनमा सालक दिवसको अबसरमा वक्तृत्वकला

साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ हेटौंडा उपमहानगरपालिका-६ चौघडास्थित रानी सामुदायिक वन उपभोक्ता समूहले वक्तृत्वकला प्रतियोगिताको आयोजना गरी सालकदिवस मनाएको छ ।

विश्व सालकदिवसको अवसरमा शनिबार रानी सामुदायिक वन उपभोक्ता समूहले सालक संरक्षणमा सामुदायिक वन समूहको भूमिका र दायित्व विषयक वक्तृत्वकला प्रतियोगिता आयोजना गरेको हो । १२ जना प्रतियोगिले सहभागिता जनाएको वक्तृत्वकला प्रतियोगितामा बेतखोल्सी सामुदायिक वन उपभोक्ता समूहकी क्रिष्टिना खतिवडा प्रथम भएकी छन् । प्रतियोगितामा बेतखोल्सी सामुदायिक वन उपभोक्ता समूहकै समीक्षा आचार्य द्वितीय र सुन्दर सामुदायिक वनका अतित अधिकारी तृतीय भएका छन् ।

प्रथम, द्वितीय र तृतीयलाई क्रमश: नगद ५ हजार, ४ हजार, ३ हजार रुपैयाँ र प्रमाणपत्र प्रदान गरिएको थियो । प्रतियोगितामा शत्रुधन दुलाल, सुनिल शिवाकोटी र गीता अधिकारीले निर्णायक भूमिका निर्वाह गरेका थिए । समूहका अध्यक्ष विष्णुप्रसाद न्यौपानेको अध्यक्षता तथा हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो ।

कार्यक्रममा चित्रेपानी सामुदायिक वनका अध्यक्ष सूर्यबहादुर घलान, अशोक सामुदायिक वनका अध्यक्ष रमेशकुमार राई, न्यूरेनी चिसापानी सामुदायिक वनका अध्यक्ष प्रकाश कार्की, सनौलो महिला समूहकी अध्यक्ष पवित्रा रुम्वा, समूहकी कोषाध्यक्ष गोमा लामिछाने, कार्यालय सचिव भीमसेन पौडेललगायतको सहभागिता थियो । २०६२ सालदेखि रानी वनले सालकको संरक्षण, यसको बासस्थान, आहारको संरक्षण र कानूनी व्यवस्थाको बारेमा समुदायस्तरमा काम गर्दै आएको छ । यहाँ ५० भन्दा बढी सालक रहेको जनाइएको छ ।

# भण्डारा-कान्द्राङगढी-मलेखु 'चेपाङमार्ग' १४ वर्षसम्म ट्र्याक मात्रै

साझाकुरा संवाददाता

हेटौंडा ५ फागुन/नारायणगढ-मुग्लिङ सडकको विकल्पका रुपमा हेरिएको पूर्व-पश्चिम राजमार्ग र पृथ्वी राजमार्ग जोड्ने भण्डारा-कान्द्राङगढी-मलेखु चेपाङमार्गको निर्माण सुरु भएको १४ वर्ष पूरा भयो तर, हालसम्म ट्र्याक खोल्ने बाहेक उपलब्धी हुन सकेको छैन ।

ठूला गाडी केही निश्चिच ठाउँसम्म पुगे पनि भण्डारा-मलेखु छिचोल्न सक्दैनन् । बीचमा सडक साघुँरा र अप्ठ्यारो छन् । बर्षामा सडक ठप्प हुन्छ । कालोपत्रको काम सुरुवात मात्रै भएको छ । व्यस्त सडकको विकल्प बन्न सक्ने यो बाटोको अवस्था अहिले ग्रामीण सडकको जस्तो छ । चितवनको भण्डाराबाट सुरु भएर धादिङ मलेखुमा टुंगिने गरी २०६६ सालमा सुरु भएको यो सडकको लम्बाइ ६६ किमि छ ।

सडकको चितवनतर्फ ३६ र धादिङतर्फ ३० किमि हिस्सा पर्छ । 'यो सडक दुई लेनको बनाउने योजना छ तर, बजेट पर्याप्त छैन । सीमित बजेटले थोरैथोरै काम भएको छ,' भरतपुरस्थित डिभिजन सडक कार्यालयका सूचना अधिकारी इन्जिनियर चन्देश्वर साहले भने । सडकको ट्र्याक खोल्ने काम पनि ११ वर्षअघि सकिएको थियो । हाल चितवनतर्फ १० किमि र धादिङतर्फ ११ किमि मात्रै कालोपत्रे भएको छ ।

'यो वर्ष थप तीनसय मिटर कालोपत्रे गर्न पुग्ने १ करोड २० लाख रुपैयाँ बजेट आएको' नुवाकोट डिभिजन सडक कार्यालयका सूचना अधिकारी इन्जिनियर अमृतप्रसाद यादवले जानकारी दिए । मलेखुबाट करिव ७ किमिसम्म कच्ची बाटो भएपनि सहज रुपमा यात्रा गर्न सकिन्छ । तर, त्यसपछि पहाडी क्षेत्रमा उकालो ओरालो बाटो भएका कारण कच्ची सडक जोखिमपूर्ण यात्रा गर्नुपर्ने अवस्था छ ।

धादिङ क्षेत्र हेर्ने काम नुवाकोट डिभिजन सडक कार्यालयको हो । पृथ्वी राजमार्गको बिकल्पको रुपमा निर्माण गरिएको मार्ग भएपनि त्यसअनुसार काम हुन नसकेको राप्ती नगरपालिका-१३ का वडासदस्य विष्णुबहादुर चेपाङको भनाइ छ । 'हामीले वडा र पालिकाको बजेटबाट खनेको बाटोमा पनि दोहोरो गाडी चल्छ । चेपाङमार्गमा त एउटा जिप गइरहेका बेलामा अर्को गाडी आयो भने साइड दिन सकिने ठाउँ छैन,' उनले भने ।

राप्ती नगरपालिका-१३ मा पर्ने विकट पहाडी बस्ती लोथरको स्यामराङका धनलाल चेपाङ ६२ वर्षका भए । उनी हुलाकी हुन् । पहिला आठदेखि १० घण्टा हिँडेर भण्डारा बजार जान्थे । ०६९ सालपछि दुईघण्टा हिँडेर एउरेलीटार गएपछि जिप चढ्न पाइने भयो । अहिले गाउँमै नपुगे पनि नजिक नजिक गाडी पुग्छ । गाडी चढे पनि बाटो राम्रो नभएका कारण भण्डारा पुग्न कम्तीमा तीन घण्टा लाग्छ । 'बाटो अप्ठ्यारो छ भनेर भाडा बढी लिन्छन् । हामीले तीन सय रुपैयाँ भाडा तिरेर ३० किलोमिटरका लागि तीन घण्टा गाडी चढ्नुपरेको छ । बाटो राम्रो भए समय र भाडा बचत हुन्थ्यो,' धनलालले भने ।

चेपाङमार्गमा चितवनका साथै धादिङतर्फ पनि चेपाङ समुदायको बाक्लो बसोबास छ । यो मार्गभन्दा अघि यो क्षेत्रमा सडक पुगेको थिएन । चेपाङमार्ग बन्न सुरु भएपछि नै पहाडी भेगमा गाडी गुड्ने बाटो बन्न लागेका हुन् । यो मार्गलाई स्तरीय दुई लेनको सडक बनाउन पाँच वर्षअघि डीपीआर तयार भएको इन्जिनियर शाहले बताए । 'तीन किलोमिटर सुरुङ मार्गसहित सडक स्तरोन्नति गर्नका लागि डीपीआर तयार भएको हो । तर, कार्यक्रम र बजेट आएको छैन,' उनले भने ।

भण्डारा-मलेखु सडकको काम सकेर नारायणगढ-मुग्लिन सडक स्तरोन्नति सुरु गर्ने योजना थियो । तर, नारायणगढ-मुग्लिन सडक विस्तार सकिएको पाँच वर्ष हुन लाग्दा पनि चेपाङ मार्ग अझै अलपत्र छ । सरकारले काठमाडौं-चन्द्रागिरी-पालु-डाँडाखर्क हुँदै भरतपुर जोड्ने सडकको पनि परिकल्पना गरिरहेको छ । लगानी सम्मेलनमा यो सडक पनि प्रस्ताव गरिने बताइएको छ ।

# हेटौंडामा आजबाट तीन दिनसम्म सिनेसंवाद कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ हेटौंडामा आज आइतबारबाट सिनेमा संवाद, अन्तक्रिया, कार्यशाला, गोष्ठी सुरु हुँदैछ । चलचित्र पत्रकार संघ नेपालको प्रथम राष्ट्रिय भेलासँगै सिनेमा संवाद ८ फागुनसम्म हुनेछ ।

संस्था स्थापनाको २५ वर्ष पूरा भएको अवसरमा चलचित्र पत्रकार संघ नेपाल केन्द्रीय समितिले सिनेमा पर्यटनको आधारलाई अघि सार्दै संघले राष्ट्रिय भेलामा सिनेमा संवाद, अन्तक्रिया, कार्यशाला, गोष्ठी, कार्यपत्र प्रस्तुतलगायत विभिन्न कार्यक्रम गरिने संघका केन्द्रीय अध्यक्ष समीर बलामीले बताए । स्थानीय ठाउँलाई नेपाली सिनेमा मार्फत पर्यटन प्रवर्द्धन गर्ने उदेश्यले राष्ट्रिय भेलाको आयोजना गरेको अध्यक्ष बलामीले बताए ।

भेलामा देशभरबाट दुई सय पचासजना पत्रकार र ५० बढी कलाकार अतिथिको रुपमा उपस्थित हुने र सोही अनुसार व्यवस्थापन पूरा गरिसकेको संघका मकवानपुर शाखाअध्यक्ष कपिल खड्काले बताए । कार्यक्रममा नेपाली चलचित्र उद्योगको कार्यपत्र र चलचित्र पत्रकारिता क्षेत्रको कार्यपत्र प्रस्तुत हुनेछ । फागुन ६ गते भेलाको औपचारिक उद्घाटनपछि बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयले तयार पारेको चलचित्र ऐनको मस्यौदा माथि छलफल हुनेछ ।

प्रेस काउन्सिल नेपालले सोही कार्यक्रममा विट पत्रकारिता र हेटौंडाका पत्रकारका लागि पत्रकार आचरसंहिता माथी छलफल गर्नेछ । बिज्ञापन बोर्डले अनलाइन व्यवस्थापनसम्बन्धी कार्यशाला आयोजना गर्नेछ ।

यस्तै फागुन ७ गते सिनेमा पर्यटन, सिनेमा बजार, मिडिया प्रमोशन र कर्पोरेट लगानी, फिल्म सेन्सर, नेपाली सिनेमाको अबको बाटो, केन्द्रीय चलचित्र ऐन र सेन्सर कार्यविधि बिषयमा संवाद र अन्तक्रिया हुनेछ ।

चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसी, सेन्सर बोर्डका अध्यक्ष तथा सहसचिव नेत्रप्रसाद सुवेदी, प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेत, नेपाल टेलिभिजनका महाप्रवन्धक फूलमान वल, बिज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाई, बागमती प्रदेशका संचार रजिष्ट्रार रेवती सापकोटा, पर्यटन बोर्डका प्रबन्धक सूर्य थपलिया, संचार मन्त्रालयका प्रतिनिधि, पर्यटन मन्त्रालयका प्रतिनिधिलगायत वक्ताको उपस्थिति रहनेछ ।

यस्तै, दयाराम दाहाल, नरेन्द्र महर्जन, जनक तामाङ, स्वस्तिमा खड्का, केकी अधिकारी, दिनेश डिसी, आकाश अधिकारी, निश्चल बस्नेत, अशोक प्यासी राई, मनोज पण्डित, सन्जोग बस्याल, अरुण बराल, चिरञ्जीबी पौडेल, मोहन निरौला, राजु केसी, नवल खड्का, रबि अधिकारी, केएल पीडित, विदुर गिरी, शान्तिप्रिय, ध्रुव लम्साल, प्रकाश सायमी, डब्बु क्षेत्रीलगायत चलचित्रकर्मी तथा पत्रकारको उपस्थिति रहनेछ ।

## बागमती गोल्डकप:
# जाउलाखेललाई हराउँदै मछिन्द्र सेमिफाइनलमा



साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/पूर्वी मकवानपुरको बागमती गाउँपालिकामा जारी छैठौं संस्करणको बागमती गोल्डकप फुटबल प्रतियोगिता अन्तर्गत शनिबार तेस्रो क्वाटरफाइनल खेल सम्पन्न भएको छ । बागमती-८ स्थित जनता माविको खेलमैदानमा भएको खेलमा सेमिफाइनल प्रवेशका लागि मछिन्द्र युथ क्लब र जावलाखेल युथ क्लबबीच भएको हो ।

दुई टिमबीचको खेल दिउँसो ३ बजेर २० मिनेटमा सुरु भएको थियो । खेलको निर्धारित समयभित्र दुबै टिमको तर्फबाट गोल नभएपछि खेल ट्राइब्रेकरमा गएको हो । ट्राइब्रेकरमा जावलाखेलका छिरिङ लामा, अशोक खवास, अनिल महर्जन र सुनिल खड्का पेनाल्टी शुटाउटमा सहभागी भएकोमा छिरिङ लामाले मात्रै गोल गरे भने मछिन्द्र क्लबका बिशाल तामाङ, बिमल घर्तीमगर, अभिषेक गुरुङ र कृस्टोफर चिजोबाले सहभागी भएकोमा बिमल घर्ती मगरले मात्रै असफल प्रहार गरे ।

योसँगै मछिन्द्र क्लबसँग जाउलाखेल १-३ गोल अन्तरले पराजित भयो । जाउलाखेल बागमती गोल्डकपको तेस्रो संस्करणको बिजेता हो भने मछिन्द्र दोस्रो संस्करणको उपविजेता हो । खेलको म्यान अफ द म्याच मछिन्द्रका प्रदीप भन्डारी घोषित भए । विजयी टिम मछिन्द्रले फाइनल प्रवेशका लागि आइतबार न्यूरोड टिम एनआरटीसँग प्रतिस्पर्धा गर्नेछ । प्रतियोगिता अन्तर्गत अन्तिम क्वाटरफाइनल खेलमा आयोजक बागमती खेलकुद विकास समिति र विभागीय टोली त्रिभुवन आर्मी क्लबबीच प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगिताको फाइनल खेल फागुन १० गते हुनेछ । प्रतियोगिताको विजेता टोलीले १० लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५ लाख रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ र अन्य विधागत उत्कृष्टले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

# राक्सिराङ्ग गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## चैनपुर, मकवानपुर

**राक्सिराङ्ग गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को नियम ५ संग सम्बन्धित प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाइको सूचना !**

*(प्रकाशित मिति २०८०/११/०६)*

मकवानपुर जिल्ला, राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चैनपुर, मकवानपुर, बागमती प्रदेश, नेपालद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | गाउँ कार्यपालिकाको कार्यालय, राक्सिराङ्ग गाउँपालिका, चैनपुर, मकवानपुर सम्पर्क नं. ९८५५०७६६४०, इमेल: raksirang.rmc@gmail.com |
| प्रस्तावको व्यहोरा | ● मकवानपुर जिल्ला, राक्सिराङ्ग गाउँपालिकाको पाङथली मनोरन्जन पार्क निर्माण गर्ने<br>● पाङथली खोलामा बाँध बाँधी पोखरी बनाइ जलक्रिडा लगायत मनोरन्जनात्मक कार्यहरु गर्ने |
| प्रभाव पर्न सक्ने स्थान/वडा | राक्सिराङ्ग गाउँपालिका ६ र ८ वडाहरु |

माथि उल्लेखित प्रस्ताव कार्यान्वयनबाट आयोजना क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सामाजिक, साँस्कृतिक र आर्थिक प्रणालीहरुमा के कस्तो प्रभाव पर्दछ भनी यकीन गर्न प्रस्तावकले **प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination–IEE)** अध्ययन प्रतिवेदन तयार गर्नुपरेकाले उक्त प्रतिवेदन तयारीको सिलसिलामा आयोजना कार्यान्वयनबाट प्रभावित हुने स्थानीय समुदाय तथा समूहको प्रतिनिधी, लक्षित वर्ग तथा समुदाय, सम्बन्धित वडाका वडाध्यक्ष वा वडा समितिका सदस्यहरु, गाउँपालिका अध्यक्ष प्रतिनिधि तथा सम्बन्धित कर्मचारीहरु, नागरिक समाज, समुदायमा आधारित समाजतथा मेडियाका प्रतिनिधी, वन उपभोक्ता समूहका प्रतिनिधीहरु समेतलाई सहभागी गराई सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकाले यस प्रस्तावसँग सरोकार राख्ने सम्पूर्ण सरोकारवालाहरुलाई निम्न स्थान, मिति र समयमा उपस्थित हुनुहुन अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ ।

**सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समय**

**स्थान:** गाउँ कार्यपालिकाको कार्यालय, राक्सिराङ्ग गाउँपालिका, चैनपुर मकवानपुर, बागमती प्रदेश नेपाल
**मिति:** २०८०/११/२१ गते
**समय:** बिहानको ११ बजे ।

**प्रमुख प्रशासकीय अधिकृत**

# घर्ती नेशनल लेडी जेसीज एकेडेमीको संयोजक

साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ हेटौंडा लेडी जेसीज वर्ष २०२३ की अध्यक्ष दिलु घर्तीमगर नेपाल जेसीजको नेशनल लेडी जेसीज एकेडेमीको संयोजकमा मनोनित भएकी छन् ।

नेपाल जेसीज वर्ष २०२४ का राष्ट्रिय अध्यक्ष रबिन पोखरेलले घर्तीलाई एकेडेमीको संयोजकमा मनोनित गरेका हुन् । वर्ष २०२४ को जेसीज अभियानलाई सफल बनाउन, समयसापेक्ष उत्कृष्ट एवम् उपलब्धिमूलक कार्यक्रम सञ्चालन गरी युवाको अन्तरनिहित प्रतिभालाई प्रशिक्षणको माध्यमद्वारा प्रष्फुटन गरएको भन्दै घर्तीलाई संयोजकमा मनोनित गरिएको जनाइएको छ ।


# वैदेशिक रोजगारमा जाँदा कागजातको प्रतिलिपि घर-परिवारमा छोडौं

वैदेशिक रोजगारमा जाँदा निम्न कागजातको प्रतिलिपि घरमा छोडौं

☞ पासपोर्ट र नागरिकता,
☞ वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृती,
☞ स्वास्थ्य परीक्षण गराएको निरोगिताको प्रमाणपत्र,
☞ अभिमुखीकरण लिएको प्रमाणपत्र,
☞ म्यानपावर संस्थालाई तिरेको रकमको भर्पाई,
☞ रोजगारदातासँग गरेको करार सम्झौता,
☞ बीमा गराएको कागजात,
☞ कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाण,
☞ आफूले विदेशमा रही काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,
☞ आफूलाई महत्वपूर्ण लागेका अन्य कागजातहरु ।

यस्ता कागजातले वैदेशिक रोजगारमा केही समस्या तथा कठिनाई भएमा समाधान गर्न सजिलो हुन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# प्राम्भिक वातावरणीय परीक्षण (IEE) को सार्वजनिक सुनुवाईको लागि सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/११/०६

मकवानपुर जिल्लाको थाहा नगरपालिका वडा नं. ५, नालिवन क्षेत्रमा Kaolin Clay उत्खनन् गरी खानी संचालानार्थ, श्री प्राईम रिसोर्सेस प्रा. लि. प्रस्तावक रहेको खानी संचालन गर्नु अघि वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ अनुसार परिच्छेद -२ नियम ६ अनुसार सार्वजनिक सुनुवाईको लागि यो सूचना प्रकाशित गरिएको छ । सार्वजनिक सुनुवाई कार्यक्रम निम्न मिति, स्थान र समयमा आयोजना गरिनेछ ।

| | |
|---|---|
| **प्रस्तावको व्यहोरा** | प्रस्तावित खानी मकवानपुर जिल्लाको थाहा नगरपालिका वडा नं. ५ नालिवन क्षेत्रमा पर्दछ । भौगोलिक अवस्थाका आधारमा यस प्रस्तावित खानी टोपो सिट नं २७८५-०५ C मा पर्ने २३३८ मि. उचाईको बिन्दु (६०८८५०.०० पूर्व र ३०५५२७५.०० उत्तर) लाई मूल चिन्ह मानी सो बाट पुर्व २१५० मि., पश्चिम ३५० मि., उत्तर २२५ मि. र दक्षिण १७७५ मि. गरी जम्मा ५ वर्ग कि.मि. क्षेत्रफल मध्यबाट १६ हे. खानी क्षेत्र रहने छ । उक्त १६ हे. खानी क्षेत्र मध्य १.०१ हे. (सम्पूर्ण निजी जग्गा) मा Kaolin Clay उत्खनन् गरिनेछ । यो खानी बार्षिक सरदर २७० दिन संचालनमा रहनेछ । |
| **सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरिने स्थान** | थाहा न. पा. वडा नं. ५ को कार्यालय (सानोकाफल) परिसर |
| **मिति** | २०८०/११/१४ |
| **समय** | बिहान ११ :०० बजे |
| **सम्पर्क व्यक्ति र नं** | राजा राम शाह, ९८०१८३४२०९ |

उक्त प्रस्ताव कार्यन्वयनबाट वातावरणमा पर्ने प्रभावहरुको बारेमा राय सुझाव संकलन गर्नु पर्ने भएकोले स्थानिय सरकारका जन प्रतिनिधिहरु, स्थानीय जनता, संघ, संस्थाका प्रतिनिधिहरु तथा सरोकारवालाहरुलाई माथि उल्लेखित मिति, समय र स्थानमा हुने सार्वजनिक सुनुवाईमा सहभागिताको लागि अनुरोध गरिन्छ ।


# ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

## अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
**हेटौंडा-५, पिप्ले, मकवानपुर**
सम्पर्क: ९८४५१७०९४१५, ९८१७८२८४६१४, ९८४५६२३५६९


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना